कार्यपालिका बैठक २०८० कार्तिक २४ गते

**प्रस्ताव नं १: आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८०**

निर्णय नं १ आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २: कर्मचारी करार सम्झौता सम्बन्धमा**

निर्णय नं २: यस गाउँपालिकामा कार्यरत अस्थायी करारका कर्मचारीहरुको म्याद २०८० असोज मसान्तमा समाप्त भएको हुदाँ कार्तिक १ गते देखी पौष मसान्तसम्म तीन महिनाका लागि कर्मचारीको निवेदनको आधारमा म्याद थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३: राजश्व संकलन सम्बन्धमा**

निर्णय नं ३: यस गाउँपालिकाका प्रत्येक वडा कार्यालयबाट संकलन भएको राजश्व न्युनतम मासिक रुपमा अनिवार्य रुपमा गाउँपालिकाको आन्तरिक राजश्व खातामा राजश्व शीर्षक समेत खुल्ने गरी दाखिला गर्न निर्देशन दिने निर्णय गरियो ।

**प्रस्ताव नं ४: सवारी साधन (मोटर साइकल) मर्मत सम्बन्धमा**

निर्णय नं ४: यस कार्यालयमा रहेका सवारी साधनहरु मर्मत संभार गर्नुपर्ने भएमा अनिवार्य रुपमा मर्मत आदेश लिएर मात्र सवारी मर्मत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ५: २ नं वडा कार्यालय रंगरोगन सम्बन्धमा**

निर्णय नं ५: साबिकको गाउँपालिका कार्यालय भवन र मालिङ स्वास्थ्य चौकी रहेको भवन लागत अनुमानका आधारमा रंगरोगन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ६: राष्ट्रपति रनिङ शिल्ड संचालन सम्बन्धमा**

निर्णय नं ६: आ.व. २०८०/०८१को राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन गर्ने मिति, समय र स्थान क्व्होलासोथार गाउँपालिकाको शिक्षा समितिको निर्णय बमोजिम गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ७: भुकम्प पिडितलाई राहत, शिघ्र स्वास्थ्य लाभ तथा श्रद्धान्जली सम्बन्धमा**

निर्णय नं ७: मिति २०८० कार्तिक १७ गते राती जाजरकोटको रामिडाँडा केन्द्रविन्दु भएर गएको ६.४ रेक्टर स्केलको विनाशकारी भुकम्पबाट जनधनको क्षति भएकोमा सम्पूर्ण जनप्रतिनिधिहरुको मासिक रुपमा प्राप्तहुने सेवासुविधा र भत्ताको एक तिहाई(१/३) रकम बराबरको राहत प्रधानमन्त्री राहत कोषका जम्मा गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ८: सार्वजनिक सुनुवाइ सम्बन्धमा**

निर्णय नं ८: आ.व. २०८०/०८१को प्रथम चौमासिकसम्म यस गाउँपालिकाबाट प्रदान गरिएका सेवाहरु र विकास निर्माण योजनाका सम्बन्धमा छलफल गर्न मिति २०८० मङ्सिर

२९ गते शुक्रबार वडा नं ५, सिङ्दीमा सार्वजनिक सुनुवाइ कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ९: कर्मचारी माग सम्बन्धमा**

**निर्णय नं ९:** यस क्व्होलासोथार गाउँपालिकामा आवश्यक कर्मचारीहरु कृषि स्नातक-१ र कार्यालय सहयोगी-१ को विज्ञापन गरी खुल्ला प्रतिस्पर्धाबाट पदपूर्ति गर्ने निर्णय गरियो ।

**विविध**

**क. शुभकामना आदानप्रदान सम्बन्धमा**

तिहार तथा छठ पर्व २०८०को पावन अवसरमा देश विदेशमा रहनुभएका पालिकाबासीहरु बिच शुभकामना आदान प्रदान गर्ने निर्णय गरियो ।

**ख. घलेगाउँ पहिचान तथा पर्यटन प्रवर्धन सम्बन्धमा**

घलेगाउँ पहिचान र पर्यटन प्रवर्धन सम्बन्धी विषय समेटी प्रकाशन हुन गइरहेको **"घलेगाउँका संघर्षहरु"** पुस्तक प्रकाशनमा सहयोगार्थ रु.१ लाख ५० हजार मात्र उपलब्ध गराउने निर्णय गरियो ।

**ग. बाटो हेरालु सम्बन्धमा**

यस गाउँपालिकाको स्वीकृत कार्यक्रम अन्तर्गत बाटो मर्मत तथा संभारका लागि तपसिलका वडाबाट खटाइएका बाटो हेरालुहरुको करार सम्झौता समाप्त गर्ने निर्णय गरियो ।

वडा नं ५ सिङ्दीः कार्तिक मसान्तबाट समाप्त

वडा नं ६ पसगाउँ असोज मसान्तबाट समाप्त

**घ. आर्थिक सहयोग सम्बन्धमा**

तपसिल बमोजिमको व्यक्ति/संस्थाहरुलाई देहाय बमोजिमको रकम आर्थिक सहयोग सम्बन्धि कार्यबिधि २०८० बमोजिम उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.स. | नामथर | सहयोगार्थ रकम | कैफियत |
|---|---|---|---|
| १. | कुल बहादुर गुरुङ | १ लाख मात्र | मृगौला पिडित कर्मचारी वडा नं ७ |
| २ | आदर्श युवा क्लब, बगुम | ३० हजार मात्र | खेलकुद प्रतियोगिता वडा नं ३ |
| ३ | नौमाया गुरुङ | १ लाख मात्र | मृगौला पिडित नागरिक वडा नं ६ |
| ४ | भुजुङ चिनारी | १ लाख मात्र | भुजुङ चिनारी वृत्त चित्र, वडा नं ४ |

क्व्होलासोथार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मालिङ, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३